**Kaumodaki : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJoL]
ISSN : 2822 - 1567 (Print); ISSN : 2822 -1583 (Online)
Published by Research Management Cell, Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

# स्याङ्जाली मुक्तकका समकालीन प्रवृत्ति

**गौतम रानाभाट**
Editor of Naulokhabar.com, Pokhara, Nepal

***Article History :*** *Submitted 05 Oct. 2023; Reviewed 23 Oct. 2023; Accepted 05 Nov. 2023*
***Corresponding Author :*** *Gautam Ranabhat,* ***Email :*** *ashafalnews@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/kdk.v4i1.64571*

*Copyright 2024 © the Author(s) and the Publisher*

**लेखसार**

*प्रस्तुत आलेख स्याङ्जाली मुक्तककारका समकालीन मुक्तकका प्रवृत्तिको विश्लेषणसँग सम्बन्धित छ । कविताको लघुतम् आयाममा प्रकट हुने मुक्तक लेखनमा नेपाली कविताले नयाँ मोड लिएको २०३६ सालको सडककविता क्रान्तिपछि स्याङ्जाली मुक्तक लेखनमा के कस्ता प्रवृत्ति देखा परे भन्ने मूल समस्यामा आलेख केन्द्रित छ । नेपाली कविताका विभिन्न कालमध्ये आधुनिक कालको समसामयिक धाराको समय नै समकालीन स्याङ्जाली मुक्तकका प्रवृत्ति अध्ययनको आधार हो । आलेखमा यसै चरणका मुक्तकलाई प्राथमिक स्रोत सामग्री र स्याङ्जाली मुक्तकका समकालीन प्रवृत्तिबारे विश्लेषण गरिएका विविध सामग्रीलाई द्वितीय स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचामा केन्द्रित रहेर तयार पारिएको आलेखमा सूक्ष्म पठन तथा विश्लेषण विधि प्रयोग गरी अनुसन्धानलाई अगाडि बढाइएको छ । अध्ययनबाट राजनीतिक अव्यवस्थाको चित्रण, जीवनवादी चेतना, प्रेम पक्षको अभिव्यक्ति, विकृति विसङ्गतिको चित्रण र सामाजिक यथार्थको चित्रण स्याङ्जाली मुक्तकका समकालीन प्रवृत्ति रहेको निष्कर्ष निकालिएको छ । यस चरणका स्याङ्जाली मुक्तकले समसामयिक यथार्थलाई अभिव्यक्त गरेकाले स्याङ्जाली मुक्तकको समकालीन प्रवृत्तिलाई यथार्थवादी मुक्तक लेखनको चरणका रूपमा स्थापित गर्ने निष्कर्ष नै आलेखको प्राप्ति हो ।*

**शब्दकुञ्जी :** अभिव्यञ्जित, उत्तरआधुनिक, यथार्थवाद, समकालीन, समसामयिकता

## विषय परिचय

समकालीन स्याङ्जाली मुक्तक लेखन फुटकर प्रकाशनसँगै आधुनिक कालमा विभिन्न स्रष्टाका कृति प्रकाशित भएर समृद्ध हुँदै आएको पाइन्छ । स्याङ्जाली मुक्तक लेखन परम्परामा मुक्तकमा अभिव्यक्त विषयवस्तु एवम् भावचेतनालाई आधार बनाउँदै त्यसलाई समसामयिक सन्दर्भसँग जोडेर प्राथमिक, माध्यमिक र आधुनिक विभिन्न चरण तथा उपचरणमा विभाजन गरिएको छ । स्याङ्जाली मुक्तकका समकालीन प्रवृत्तिको अध्ययनसहित यस चरणलाई यथार्थवादी धाराका रूपमा नामकरण गरिएको छ । वि.स. २०३६ यताको स्याङ्जाली मुक्तकको स्वरूप निरूपण गर्दा यस अवधिका मुक्तकमा यथार्थवादी प्रवृत्तिले स्थिरता प्राप्त गरेको पाइएकाले आलेखमा यसलाई यथार्थवादी धाराका रूपमा नामकरण गर्न खोजिएको छ । स्याङ्जाली समकालीन मुक्तकमा युगीन राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा व्याप्त अव्यवस्था र विसङ्गतिको चित्रण, अग्रगमन र राजनैतिक परिवर्तनको चाहना

राखेर समानता र स्वतन्त्रताको पक्षधरता प्रकट, सामाजिक असमानताको विरोध गर्दै विश्ववन्धुत्वको कामना, वस्तुयथार्थको प्रकटीकरण, सांस्कृति चेतनाको प्रस्तुति, सामूहिकताको अभिव्यक्ति, मानवताको खोजी, सशस्त्र द्वन्द्वजन्य परिस्थितिको चित्रण, मानवअधिकारवादी चेतनाको अभिव्यक्ति, प्रजातान्त्रिक-लोकतान्त्रिक र गणतान्त्रिक अभिव्यक्ति, जीवनसापेक्ष नारीवादी चेतना, सरल, सम्प्रेष्य शिल्पशैली एवम् भाषिक कलाको प्रयोग, बिम्ब, प्रतीक र अलङ्कारको स्वाभाविक प्रयोग समकालीन स्याङ्जाली मुक्तकका प्रवृत्तिहरू रहेका छन् । समकालीन स्याङ्जाली मुक्तकका प्रवृत्तिबारे यस अगाडि अनुसन्धानात्मक अध्ययन नभएकाले प्रस्तुत आलेख भोलिका दिनमा अध्ययन, अनुसन्धान गर्न चाहने अध्ययनकर्ता एवम् शोधार्थीलाई उपयोगी हुने भएबाट यसको औचित्य र महत्त्व देखिन्छ । आलेखमा समकालीन स्याङ्जाली मुक्तकका प्रवृत्तिहरूको विश्लेषण गरी यथार्थवादी धाराका रूपमा यस चरणको नामकरण गर्न सकिने निष्कर्षलाई प्राप्तिका रूपमा लिइएको छ ।

## समस्याकथन र उद्देश्य

आलेख स्याङ्जाली मुक्तककारका समकालीन मुक्तकमा के-कस्ता प्रवृत्ति पाइन्छन् भन्ने विषयमा केन्द्रित छ। साथै समकालीन स्याङ्जाली मुक्तकमा के कस्ता प्रवृत्ति देखापरे भन्ने समस्याको प्राज्ञिक समाधानको प्रयास नै अनुसन्धानको समस्या कथन हो । समकालीन स्याङ्जाली मुक्तकका मुख्य प्रवृत्तिको विश्लेषण गरी प्रवृत्तिगत दृष्टिले समकालीन स्याङ्जाली मुक्तकको विश्लेषण गर्नु अनुसन्धानका उद्देश्य रहेका छन् ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानलाई पूर्णता दिन पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ । समकालीन स्याङ्जाली मुक्तकका प्रवृत्तिको अध्ययनका लागि २०३६ साल पछाडि रचना गरी प्रकाशन गरिएका प्रतिनिधि मुक्तकलाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिइएको छ । यस्तै, स्याङ्जाली मुक्तक तथा यसको समसामयिक युगका बारेमा गरिएका विश्लेषणलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ। अनुसन्धान गुणात्मक अनुसन्धानात्मक ढाँचामा केन्द्रित छ । अनुसन्धानमा विश्लेषणात्मक ढाँचामा सामग्रीको सूक्ष्म पठन र विश्लेषण गरी निष्कर्ष निकालिएको छ । अनुसन्धान स्याङ्जा जन्मभूमि भएका स्रष्टाले प्रकाशन गरेका एकल मुक्तक कृति भित्रका मुक्तकका समकालीन प्रवृत्तिको अध्ययनमा मात्र केन्द्रित छ ।

## नतिजा र छलफल

साहित्यका विविध विधामध्ये कवितालाई सर्वप्राचीन विधा मानिन्छ । कविताको उपविधा थोरैमा धेरै कुरा व्यक्त गर्न सकिने चार पङ्क्तिमा संरचित कविताको लघु रूप मुक्तक हो । कविता रचनाका सन्दर्भमा जुन स्फुट, निर्बन्ध एवम् पूर्वापर निरपेक्ष रहन्छ त्यहीँ मुक्तक कविता हो (पराजुली, २०६७, पृ.१५) । नेपाली कविताको आधुनिक कालको समसामयिक परिवेशलाई समकालीन, समसामयिक, उत्तरवर्ती, परवर्ती, उत्तरआधुनिक युग जस्ता नामद्वारा चिनाइएको पाइन्छ। यसरी अगाडि बढ्ने क्रममा प्रयोगवादी प्रवृत्तिका विरूद्ध नेपाली कविताले समकालीन जीवनका भोगाई र अनुभूतिलाई सम्प्रेष्य भाषाशैलीमा अभिव्यञ्जित गर्न थालेदेखिको अवधिलाई समसामयिक धाराको समय मानिएको छ। खास गरेर २०७२ सालको संविधान जारीपछि देखा परेका विविध समसामयिकताका सङ्केत समकालीन स्याङ्जाली मुक्तकमा देखिएका छन्। २०३६ सालको सडक कविताक्रान्तिले कविताको विषयवस्तु र शिल्प दुवैमा भिन्नता अंगाली यथार्थपरक सरल कवितालाई वरण गरेको पाइन्छ। मुक्तकका सन्दर्भमा २०३६ सालपछिको समकालीन स्याङ्जाली मुक्तकको समयलाई प्रवृत्तिका आधारमा यथार्थवादी धारा भन्नु उपयुक्त

देखिएकाले प्रस्तुत अनुसन्धानमा अगाडि सारिएको हो । मुक्तकमा मानवीय जनजीवनका कथा-व्यथा, समाजको सामाजिक, सांस्कृति, राजनीतिक, आर्थिक चित्रण, मानवीय विचार, चिन्तन, दर्शन, आदर्श, आस्था र मनोविज्ञान जस्ता यथार्थ पक्षको चित्रण नै यथार्थवादका महत्त्वपूर्ण विशेषता हुन् ।

स्याङ्जाबाट प्रकाशित २०३३ सालको 'युगभाषा' पत्रिकाको अङ्क २ मा विश्वप्रेम अधिकारीका 'केही मुक्तक' शीर्षकमा पाँच मुक्तक प्रकाशित भएकाले स्याङ्जाका प्रथम मुक्तक प्रकाशन गर्ने मुक्तककार विश्वप्रेम अधिकारी हुन् (काफ्ले, २०७३, पृ.१८) । यही परम्परामा अधिकारी पछि चेतन कार्की र देवीप्रसादलगायतका मुक्तककार देखा परे । देवीप्रसाद वनवासी समसामयिक मुक्तक लेखनमा क्रियाशील स्रष्टा हुन् । उनका 'हाँडीघोप्टे छत्तीसा' (२०५२), 'लुछाचुडी' (२०५३), 'श्री बुख्याचा' (२०५४), 'चौरासी व्यञ्जन' (२०५७), 'फकडा' (२०५९), 'हलुवा' (२०६२), 'मेरूदण्ड' (२०६७) लगायतका हास्यव्यङ्ग्यात्मक मुक्तक कृति प्रकाशित छन् । यिनै कृतिलाई एकीकृत गरेर पछिल्लो 'कालस्तोत्र' मुक्तकसङ्ग्रह (२०६९) प्रकाशित छ ।

स्याङ्जाली मुक्तकको श्रीवृद्धिमा सुकुम शर्माका 'अमिला अणु' (२०४८) र 'समयका छर्राहरू' (२०५७), नारायण मरासिनीको 'समयका धब्बाहरू' (२०५१), श्यामप्रसाद न्यौपानेका 'सोह्र दुनी आठ' (२०६२), 'कोही सुरक्षित छैन' (२०६६) र 'आगोका फिलिङ्गाहरू' (२०७५), कपिल अज्ञातको 'अनुभूतिका उमङ्ग' (२०६४), लेखनाथ काफ्लेका 'अचार' (२०६४) र 'मट्याङ्ग्रा' (२०६८), रूद्र सन्देश मगरको 'सम्झना' (२०६७), असफल गौतमको 'सिलोक बन्दै छन्' (२०६७), चेतन कार्की (१९९५-२०७८) को 'हत्केलाले सधैँभरि सूर्य छेकिँदैन' (२०६८), मोतीबहादुर भुजेल परिवर्तनलगायतको सम्पादकत्वमा 'मुक्तकयात्रा' (२०६९), बादल घिमिरेको सम्पादकत्वमा 'समकालीन नेपाली मुक्तक' (२०६९), मुक्तिप्रसाद भण्डारीको सम्पादकत्वमा 'समकालीन स्याङ्जाली मुक्तक' (२०७०), लक्ष्मी अर्पणको 'आभार' (२०७५), महानन्द ढकालको 'सिमाना' (२०७७), तेजबहादुर गुरुङको 'अस्तित्व' (२०७७) र कमल भण्डारीको 'आरम्भ' (२०८०) मुक्तक कृतिले ईँटा थपेका छन् । यिनै कृतिका मुक्तकमा अभिव्यक्त समकालीन प्रवृत्तिको अनुसन्धान यहाँ गरिएको छ ।

समकालीन स्याङ्जाली मुक्तक लेखनलाई महेश्वर शर्मा, केदार शर्मा ढकाल, घनश्याम ढकाल, रजनी ढकाल, शारदा शर्मा, प्रेमराज लुइँटेल, गायत्री परिरोशनी, देवीप्रसाद ढकाल, मिलन समीर, नारायणप्रसाद काफ्ले, दुर्गाबहादुर शाह बाबा, बद्री ढकाल, महेन्द्र लामिछाने, तर्कना शर्मा, देवेन्द्र लम्साल, चिन्तु गिरी, जयप्रसाद गौडेल, त्रिभुवन शर्मा, नारायण ज्ञवाली, तिलक पौडेल, रेशम गोतामे, शम्भु अर्याल, सुमन लम्साल, स्याङ्जाली रमेश, सञ्जय काफ्ले, सुजन गैरे, शिवराज रेग्मी, शिव पलाँस, विना शर्मा, लोकहरि पाण्डेय 'क्षितिज', लक्ष्मी काफ्ले, रामचन्द्र पौडेल, राजन रानाभाट, युवराज सुवेदी, मुक्तिराम रेग्मी, मनरूपा सुवेदी, भुवन छेत्री, डोलराज अर्याल, टिकाराम रेग्मी, जीवन पौडेल, जमुना आरसी, कमल पौडल, अनु बरालले फुटकर मुक्तक प्रकाशन गरेर अगाडि बढाएका छन् । यस्तै, स्याङ्जा साहित्य प्रतिष्ठानको 'रजस्थल', आँधीखोला साहित्य प्रतिष्ठानको 'सगुन', चित्रेभञ्ज्याङ साहित्य सदनको 'स्पन्दन', ज्याग्दीखोला साहित्य प्रतिष्ठानको 'ज्याग्दीखोलाको तरङ्ग', स्याङ्जाली सम्पर्क सदन पोखराको 'आँधीको सुसेली', जगत्रदेवी साहित्य सङ्गम गल्याङ, सिर्जना बिसौनी स्याङ्जा, भेषजराज साहित्य प्रतिष्ठान वालिङ, अनुपम साहित्यिक प्रतिष्ठान स्याङ्जा, गजल सङ्गम पकवादीलगायतका सङ्घसंस्थाद्वारा सञ्चालित गतिविधि र यिनका अवधिक प्रकाशनले स्याङ्जाली मुक्तक लेखनको विकासमा योगदान दिएका छन् ।

यसरी अगाडि बढ्दै आएको समकालीन स्याङ्जाली मुक्तक लेखनमा २०३६ सालपछिको समयावधिलाई यथार्थवादी धारा नामकरण गरी प्रस्तुत स्याङ्जाली मुक्तकका अभिव्यक्त समकालीन प्रवृत्तिको अनुसन्धानलाई

राजनीतिक अव्यवस्थाको चित्रण, जीवनवादी चेतना, प्रेम पक्षको अभिव्यक्ति, विकृति विसङ्गतिको चित्रण, सामाजिक यथार्थताको चित्रणलगायतका प्रवृत्तिका आधारमा अनुसन्धान अगाडि बढाइएको छ ।

**राजनीतिक अव्यवस्थाको चित्रण**

देशलाई समृद्धि र सुशासनको मार्गमा लैजाने मुख्य नीति राजनीति हो । यही नीतिको जगमा टेकेर राज्यको नीति निर्माण गर्छौं, हामी राज्यका सेवक हौं भन्ने नेताको व्यक्तिवादी प्रवृत्तिका कारण आज आम जनता र देशले राजनीतिक अव्यवस्था व्यहोर्न परिरहेको छ । देशको आवश्यकता र नेतृत्वले गरेका कर्म बीच तालमेल नहुँदा देश अस्थिर बन्न परेको छ । सिद्धान्त युधिष्ठिरको जस्तो व्यवहार दुर्योधनको जस्तो हुँदा देशमा उन्नति, प्रगति र समृद्धि हराएको छ । भगवान् विष्णुले जालन्धरलाई छले जस्तै नेताले जनतालाई छल्न थालेर परिवारवाद, फरियावाद र भरियावाद भन्दा माथि नेताको चिन्तन आउन नसकेपछि राजनीतिक अव्यवस्था व्याप्त रहेको साक्ष्यका लागि निम्न मुक्तकलाई लिन सकिन्छ :

लङ्का झैँ मुलुक जलेको देखे
सन्त्रासले मान्छे बलेको देखे
आन्दोलन विसम्भार चल्दैछ भन्छन्
नेताले जनता छलेको देखे (श्यामप्रसाद न्यौपाने, सोह्र दुनी आठ-२०६२, पृ.३५)

आजको व्यवस्था ल्याउन राज्यमा ठूला युद्ध र परिवर्तन भए । धरती मात्र होइन, सिङ्गो लङ्कासमेत जलेर नष्ट हुने सन्त्रासले मान्छे जलेर सक्कियो । त्यही जगमा देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएर पनि जनताले सुख, सन्तोषको सास फेर्न पाएका छैनन् । पाइला-पाइलामा सन्त्रास छ । आमूल परिवर्तन भयो भनिएको मुलुकमा जनताले चुनेर पठाएका जनताकै छोराछोरीले जनतालाई ठगिरहे भन्ने समकालीन प्रवृत्तिको साक्ष्यका लागि यो मुक्तक उद्धृत गरिएको छः

लोकतन्त्रको खिल्ली उडाउँदैछन् बन्द-चक्काजाम गर्नेहरू
नेपालगञ्ज, सिराहा दुखाई रहन्छन् छलछाम गर्नेहरू
रक्सी उही बोत्तल मात्रै फेरिएको हो कि
टाउको उठाई रहेछन् जनतालाई बदनाम गर्नेहरू (रुद्र सन्देश मगर, सम्झना-२०६७, पृ.१९)

समकालीन स्याङ्जाली मुक्तकमा देश दुखेका, गाउँघरमा कोही नभएर गाउँ दुःखी भएका कुरा मात्र छैनन् । यहाँ नेपाली जनताले ज्यानको बलिदानी दिएर जिताएका सत्ताका टाउकेहरूले केही नगरेपछि खबरदारी गरिएका कुरा पनि छन् । जनशक्तिको अभावले गाउँघरको जग्गाजमिन बाँझो उता परदेश पलायन हुनेहरूको अवस्थाको ठेगान नहुने किन यस्तो भइरहेको छ ? सबैका लागि सर्वोपयोगी भनिएको लोकतन्त्रमा किन लोकहित हुने कर्म हुन सकेका छैनन् ? समानता, स्वतन्त्रता र समानुपातिक रूपमा देशको विकास गर्छौं भनेका नेता किन पुरानो बोत्तलको नयाँ रक्सी जस्ता भए ? यिनीहरूलाई कसरी जनप्रेमी बनाउन सकिन्छ भन्दै हर समय जनतालाई बदनाम गराउन उद्धत राजनीतिक अव्यवस्थाको समसामयिक यथार्थ मुक्तकमा अभिव्यक्त भएका छन् । समयको कालक्रममा गोली, ग्रिनेट र बन्दुक प्यारो हुन थालेका समसामयिक यथार्थलाई प्रस्तुत गरिएको साक्ष्यका लागि यो मुक्तकलाई उद्धरण गर्न सकिन्छः

ढिकी र जाँतोसँग खेल्ने कुरा सिलोक बन्दैछन्
ताते बोल्ने बालक ग्रिनेट र बन्दुक भन्दैछन्

सुन्तली र मैयाँ हेर राष्ट्रप्रेमी र विरोधी अरे
पख्-पख् र ठोक्-ठोक् भन्दै गोली गन्दैछन् (असफल गौतम, सिलोक बन्दैछन्-२०६८, पृ.२९)

समकालीन स्याङ्जाली मुक्तकमा वर्तमानमा देखिएका देश दुख्नु र पुस्तक लेख्नुका पीडामात्र छैनन् । परिवर्तनको नाममा इतिहास मेटिने अवस्थाको चिन्ता अभिव्यक्त भएका छन् । नेपाली भूमिमा स्वार्थीहरूका चलखेलका व्यथा, सरकार र सरकार इतर राजनीति गर्ने नेता तथा सोझा जनतालाई ललीपप देखाएर स्वार्थ पूरा गर्नेहरूका गतिविधि पनि मुक्तकका आएका छन् । नेपाल आमाकै सन्तान बीच, एउटै गाउँका दिदीबहिनी बीच देखिएको बैमनस्यताले निम्त्याएका विकराल घटनाक्रम समकालीन स्याङ्जाली मुक्तकका स्वर बनेका छन् । राज्यमा नीति-नियम नभएका वेला देखिएका अन्यौल, आज विस्थापित भएका हिजोका गौरवका विषय, आफूलाई ज्ञानी ठान्नेहरूमा देखिएका अज्ञानता मात्र नभएर एकादेशको इतिहास बनेका ढिकी-जाँताका कुरा समकालीन स्याङ्जाली मुक्तकमा अटाएका छन् । जुन कुराहरू कालान्तरमा बालबच्चालाई ढिकी-जाँतो भनेको के हो भनेर सोध्दा नेपालमा पाइदैँन भन्ने अवस्था आउन सक्ने यथार्थलाई मुक्तकमा अभिव्यक्त गरिएको छ । आजको व्यवस्था र परिवर्तनका लागि भएका विभिन्न द्वन्द्वात्मक घटनाक्रमका यथार्थलाई पनि मुक्तकले प्रवृत्तिका रूपमा अङ्गालेका छन् । नेपाली राजनीतिमा हिजोदेखि विभिन्न नेताको प्रभावपरक उपस्थिति देखा पर्दै आएकाले त्यो यथार्थलाई आत्मसात गर्दै मुक्तक लेखनयात्रा अगाडि बढेको पाइन्छ । जसलाई निम्न साक्ष्यका आधारमा स्पष्ट पार्न सकिन्छ :

किसुनजीको निगाहाले मन्त्री महामन्त्री भएँ
शिर मुडियो, असिना खनियो, म वाङ्लाको ढिकी भएँ
खादी, गान्धी भर्सेलैमा गए बासी खीर भए
घुर्कीलाई कुर्सी हत्याई पाउर माने वेला गए (देवीप्रसाद बनवासी, कालस्तोत्र-२०६९, पृ.८९)

हिजो मात्र होइन, आज पनि कसैको निगाहाले कुर्ची हत्याउने खेल दिनको घाम जस्तै भएको यथार्थसहितको समसामयिक राजनीतिक परिवेश मुक्तकमा चित्रित भएका छन् । हिजोको जहानियाँ शासनकालको कुरा मात्र होइन आजको लोकतान्त्रिक गणतन्त्रसम्मको अवस्थामा पनि त्यो परम्परामा सुधार हुन सकेको छैन । क्षमता र प्रतिभाले भन्दा अनुकम्पाले स्थान प्राप्त गर्नेहरूका विकृति, विसङ्गति र वेथितिलाई मुक्तकका विषय बनाएर मुक्तककारले वर्तमान गणतान्त्रिक व्यवस्था संस्थागत हुन नसक्ने हो कि भन्ने चिन्तनसमेत गरेका छन् । जहाँ नेपाली जनतालाई आशा, भरोसा र विश्वास दिलाएर चुनावका बेला अगाडि बढ्ने नेताहरूको प्रवृत्ति मात्र नभएर त्यसले निम्त्याएका समकालीन सन्दर्भलाई अभिव्यक्त गरिएको छ । राजनीतिक सभा र भाषण ज्यादै रोचक, सफा, घत लाग्दा हुन्छन् तर देशको राजनीति सधैँ कालो रहेको साक्ष्यका लागि यो मुक्तकलाई उद्धृत गर्न सकिन्छः

राजनीतिको कालो बादल रहन्छ कहिलेसम्म ?
लगातारको बन्द हड्ताल रहन्छ कहिलेसम्म ?
हिमाल, पहाड, तराई कोही छैन पराई
शुद्ध विचारको अनिकाल रहन्छ कहिलेसम्म (महानन्द ढकाल, सीमाना-२०७७, पृ.१७)

देशमा परिवर्तनका लागि धेरै बन्द, हड्ताल भए । ती बन्द र हड्तालमा केहीका ज्यान पनि गए । तर राजनीतिको कालो बादल हट्न सकेन । यो अवस्था कहिलेसम्म रहने ? मण्डलेदेखि लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा पनि शुद्ध विचारको अनिकाल कति परिरहेको हो भन्ने भाव मुक्तकमा अभिव्यक्त भएका छन् । यस्तै, समाजमा आफूलाई भन्ने एउटा र व्यवहार देखाउने अर्को प्रवृत्ति व्यापक बढ्दै गएको साक्ष्यका लागि यो मुक्तकलाई उद्धृत गर्न सकिन्छ :

समाजवादी कसरी भन्नुँ पूँजीवादतिर सल्किदै गए
सर्वहारा पनि कसरी भन्नुँ सुटबुटमा ढल्किदै गए
सर्वहारालाई हेप्न थाले पूँजीवाद मुर्दावाद भन्नेहरू
बसेर सत्तामा च्याल काढ्दै पूँजीवादतिर पल्किँदै गए (तेजबहादुर गुरुङ, अस्तित्व-२०७७, पृ.३७)

हिजोआज आफूलाई समाजवादी भन्नेहरूको समाजवाद उदेक लाग्दो रहेको राजनीतिक व्यङ्ग्य यो मुक्तकमा अभिव्यक्त छ । समाजवादी भन्ने पूँजीवादको बाटोमा सुटुक्क लाग्ने, सर्वहारा भन्ने सुटबुटमा ठाँट्टिएर हिँड्ने, पूँजीवाद मुर्दावादको नारा पनि लगाउने तर सर्वहारा, दिनुदःखीलाई मान्छे नगन्ने अनि सत्ताको च्याल काड्ने वर्तमान राजनीतिको दुरावस्थालाई यो मुक्तकमा अभिव्यक्त भएको छ । यस्तै, राज्यमा व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका क्षयीकरणको बाटोमा रहेको साक्ष्यका लागि यो मुक्तक उद्धृत गर्न सकिन्छः

भ्रष्टाचारका दानाहरू लटरम्म फलेको देख्छु आज
सर्वोच्चका न्यायिक शब्द जलेको देख्छु आज
अत्याचारको ज्वालामुखीले पड्काउँछ कि देश
न्यायालयका सबै कुर्सी ढलेको देख्छु आज (कमल भण्डारी, आरम्भ-२०८०, पृ.५१)

राज्यमा विभिन्न थरी दाना लाग्दा ती दाना सुशासन, समृद्धिका नभएर भ्रष्टाचारका हुनु दुखद् भएका कुरा मुक्तकमा आएका छन् । चामलमा बियाँ निस्कनु स्वभाविक मानिन्छ तर लटरम्मै भ्रष्टाचारका दाना फल्दा अन्याय, अत्याचारको ज्वालामुखी पड्कन थालेका छन् । न्यायालयका न्यायिक शब्दहरू जल्न थालेका छन् । कुर्चीहरू ढल्न थालेका सबै राजनीतिक अव्यवस्थाको उपजलाई समकालीन स्याङ्जाली मुक्तककारले आफ्ना प्रवृत्तिका रूपमा अवलम्बन गरेर मुक्तक लेखेका छन् । यसरी समकालीन स्याङ्जाली मुक्तक समय सापेक्ष परिवर्तित प्रविधि सुहाउँदा भएका छन् ।

**जीवनवादी चेतना**

स्याङ्जाली मुक्तककारका मुक्तकमा जीवनवादी चेतना पाइन्छ । मानवीय जीवनको मूल्य र अर्थलाई कसरी कायम गर्न सकिन्छ ? वर्तमानमा देखिएका मानिसका मूल्यहीन जीवनका पीडालाई कसरी सार्थक बनाउन सकिन्छ भनेर जीवनयापनका लागि सङ्घर्ष गरिरहेका मानिसका भावनालाई समकालीन स्याङ्जाली मुक्तककारले आफ्ना मुक्तकमा चित्रण गरेका छन् । जीवन सञ्चालनका क्रममा आइलागेका सुखदुःख, मायाप्रेम, उकाली-ओराली, हर्ष-विस्मात, स्मृति-विस्मृति, जन्म-मरणलाई लिएर धेरै मुक्तक लेखिएका छन् । मुक्तककारले जीवनयात्रामा फेला परेका बिसौनी, भञ्ज्याङ र चौपारीलाई जीवन सारथिका रूपमा चित्रण गरेका छन् । मानिस विविध इच्छा आकाङ्क्षा राखेर जीवनभर त्यसैको प्राप्तिका लागि प्रयत्न गरिरहन्छ । किनकि भौतिक सुखसुविधामा मात्रै जीवन सुखी हुँदैन त्यो भन्दा बढी सुख त जीवनको भारी बोकेर उकाली-ओराली गर्दै जीवनयात्रा गर्नेहरूको जीवन हुन्छ भन्ने साक्ष्यका लागि यी मुक्तकलाई लिन सकिन्छ :

घन्टौं श्रमको मूल्यमा एक मुठ्ठी फाँको पाइन्छ
वर्तमानद्वारा विभत्स चित्कारको डाँको पाइन्छ
अब त कालो इतिहासको पुनरावृत्ति होइन साथी
समाज परिवर्तनका लागि दह्रो राँको चाहिन्छ (नारायण मरासिनी, समयका धब्बाहरू-२०५१, पृ.१४)

आज पनि राज्यमा श्रमिकले श्रमको उचित मूल्य पाउन सकेका छैनन् । जसको परिणाम घन्टौ श्रम गरेर त्यसको सट्टामा एक मुठी फाँको दिइँदै आइएकोमा उक्त परिवेशप्रतिको आक्रोश मुक्तकमा अभिव्यक्त छ । अब अन्याय सहेर बस्ने होइन, हिजोको कालो इतिहासलाई निमिट्यान्न पारेर परिवर्तनको राँको बालेर अगाडि बढ्नुपर्छ भन्ने क्रान्तिको हुँकार गरिएको छ । समाजमा व्याप्त अत्याचार अन्त्यका लागि जाग्नुपर्छ भनेर जीवनवादी चेतनालाई थप उजागार गरिएको छ। देश २१ औं शताब्दीको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा अगाडि बढिरहेको बेला शिक्षा, स्वास्थ्य र रोजगारमा सबैको पहुँच सुनिश्चित हुन नसकेको साक्ष्यका लागि निम्न मुक्तक उद्धृत गर्न सकिन्छः

मूल्यहीन छ श्रम यहाँ समयले गर्नु गऱ्या छ
श्रमिक भोकभोकै मर्छन्, सेठले तिजौरी भर्नु भऱ्या छ
शिक्षा, स्वास्थ्य, रोजगारमा सबैको पहुँच छ भन्छन् तर
गाँस, बास, कपास र औषधिविना गाउँमा जनता मर्नु मऱ्या छ

(श्यामप्रसाद न्यौपाने, कोही सुरक्षित छैन-२०६६, पृ.३४)

राज्यमा कानूनी हिसाबले सबै कुराको व्यवस्था छ तर व्यवहार भने अर्कै भएको छ। सेठले मोजमस्ती गरिरहँदा श्रमको मूल्य हराएको छ । देखिएको अवस्थामा लेखिएको व्यवस्था किन गुमनाम छ ? राज्यमा जनता एकसरो हर ढाक्ने वस्त्र, बिहान बेलुका छाक गुजार्ने खाद्यान्न, रात काट्न आवश्यक ओछ्यान र रोग लाग्दा औषधि उपचारको अभावमा मर्न परिरहेको अवस्था छ । हिजोको व्यवस्थामा बेथिति भयो भनेर ल्याइएको नयाँ विधि, विधान, नियम र कानूनले किन आधारभूत आवश्यकता पूरा गर्न सकेको छैन ? जनतालाई शिक्षा, स्वास्थ्य, रोजगारी होइन, दैनिक उपभोग्य सामग्रीसमेत अभाव भएको वर्तमान यथार्थ मुक्तकमा अभिव्यक्त छ। राज्यले व्यवस्था गरेन भनेर कति चिन्ता गर्ने ? आफ्ना पाखुरा नै सम्पत्ति हुन् । यिनैलाई सही सदुपयोग गरौं भन्ने साक्ष्यका रूपमा यो मुक्तकलाई लिन सकिन्छः

हात पाखुरा सम्पत्ति हुन आफैं गरी खानुपर्छ
उन्नतिको शिखरमा समाजलाई लानुपर्छ
बाँचुन्जेल जोस्, जागर साहसिलो आँट चाहिन्छ
नदुखाउनु चित्त कसैको एकदिन मरी जानुपर्छ (लेखनाथ काफ्ले, मट्याङ्ग्रा-२०६८, पृ.६९)

आफ्नै हात पाखुरा सम्पत्ति हुन् । अरूको धन, दौलथमा डाहा र औडाहा गरेर केही हुँदैन । आफैं गरी आफूंले मात्र खाएर हुँदैन समाजलाई पनि उन्नतिको शिखरमा कसरी लैजान सकिन्छ भन्ने चिन्तन हुनुपर्छ। समाज सवल, सक्षम र असल भए हाम्रो जीवनशैली त्यहीँ रूपमा विकास हुन्छ भन्दै असल समाज निमार्णमा सिर्जना सार्थक हुने ध्येय मुक्तकले राखेका छन् ।

जिन्दगी दुई दिनको चोला, आज छ भोलि छैन त्यसैले बाँच्ने समयसम्म किन नराम्रो गर्ने ? रित्तो आएर रित्तो जाने भएकाले बाँचुन्जेल जोस्-जाँगरका साथ समाजको हित तथा उन्नतिमा लाग्नुपर्छ। कसैको चित्त नदुखाई मानव हुनुको कर्तव्य पूरा गर्नुपर्छ । अरूको देखासिकी गरेर धरातल बिर्सनु हुँदैन भन्ने समसामयिक सन्देश स्याङ्जालीका मुक्तकका अभिव्यक्त छन् । जसको साक्ष्य यो मुक्तकलाई लिन सकिन्छः

प्रत्येक वर्ष दसैं आउँछ, चुरिफुरी देखाउँछ
सधैं मलाई रूवाएर बहादुरी देखाउँछ
घाँटी हेरी हाड निल्न भन्छु छिमेकीलाई
अरू घोडा चढ्छन् उसले धुरी देखाउँछ (मुक्ति भण्डारी, समकालीन स्याङ्जाली मुक्तक- २०७०, पृ.८७)

दिनहरू बित्दै जाँदा विभिन्न चाडपर्व आउँछन्। नेपाली समाजमा उच्च प्राथमिकता साथ मनाइने दसैं आउँछ। त्यो दसैँलाई दशा बनाएर होइन, घाँटी हेरेर हाड निल्नुपर्छ। घाँटी नहेर्दा भवितव्य जस्तोसुकै व्यवधान आइलाग्न सक्ने भाव मुक्तकमा अभिव्यक्त छ। स्याङ्जालीका मुक्तकमा विभिन्न मोडमा भएका आन्दोलनको चित्रण, संवैधानिक गणतान्त्रिक मुलुक स्थापनापछिका सङ्घर्षका कथा अभिव्यक्त भएका छन्। मुक्तकमा समसामयिक, आलोचनात्मक र समाजवादी यथार्थको प्रस्तुतिसहित विकृति-विकृतिको अन्त्य गरी समाज परिवर्तनको आकाङ्क्षा राखिएको छ। विभेद तथा पराधिनताको विरोध गरी शान्तिको कामना गर्दै समानता र स्वतन्त्रताको चाहना व्यक्त भएका छन्। यसरी मुक्तकमा सामाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्य, नारीमाथिका लैङ्गिक विभेद, शोषण, दमन, अन्याय, अत्याचार अन्त्यको चाहनासहित समाजमा देखा पर्ने समकालीन आपसी द्वन्द्वका सन्दर्भ मुक्तकमा अभिव्यक्त भएका छन्।

**प्रेम पक्षको अभिव्यक्ति**

सर्वव्यापी प्रेमका विविध प्रकार छन्। स्याङ्जाली मुक्तककारले आफ्ना मुक्तकमा देशको राजनीति, भाषा, संस्कार, संस्कृति, सभ्यताप्रति स्नेह, अनुराग र माया दर्शाएका छन्। राष्ट्रप्रति अवमूल्यन गरिँदा हृदय दुखेका मुक्तकले नेपाली माटोका मर्मलाई बोलेका छन्। अधिकांश मुक्तकले सच्चा राष्ट्रवादलाई अङ्गाल्दै नेपालको उन्नतशील मुहार हेर्ने इच्छा जाहेर गरेका छन्। देश नै प्रिय आमा हुन्। अरूको लाख भन्दा आमाको काख प्यारो हुन्छ भन्दै देशलाई अनुपम ढुकढुकीका रूपमा चित्रण गरेका छन्। जननी र जन्मभूमिको माया सबैलाई हुन्छ। हामी न कहिल्यै राष्ट्रको ऋण तिरेर मुक्त हुन्छौं, न सेवा गरेरै धित मर्छ। त्यसैले भक्ति, शक्ति र प्रेमले यही माटोको सेवा गर्नुपर्छ। कतिपय मुक्तककारलाई बाध्यता र परिबन्धका कारण आफ्नो भूमि छोड्नु पर्ने अवस्थामा जन्मभूमि र जननीप्रतिको प्रेमलाई सिर्जनाका माध्यमबाट अभिव्यक्त गरिएको पाइन्छ। हिमाल, पहाड, तराई कोही छैन पराई भन्ने समसामयिकतालाई मध्यनजर गरेर धेरै मुक्तककारले नेपाली भाषा, कला, साहित्य र संस्कृतिप्रति प्रेम भाव दर्शाएर मुक्तक लेखेको पाइन्छ। जसको साक्ष्यका लागि निम्न मुक्तकलाई लिन सकिन्छः

मादलमा फेरि खरी हाल्दछु म
गीत गाउने सुरसार गरी हाल्दछु म
देशगान गाउन म छोडूँ कसरी
सोचे मात्रै पनि मरिहाल्छु म (चेतन कार्की, 'हत्केलाले सधैँभरि सूर्य छेकिँदैन-२०६८, पृ.३१)

राष्ट्रप्रेमी नेपालीलाई जननी र जन्मभूमि प्राण भन्दा प्यारा हुन्छन्। त्यो मात्र नभएर यहाँको भाषा, कला, साहित्य, संस्कार, संस्कृति र सिङ्गो नेपाली वाङ्मय झन् प्रिय हुन्छन्। विश्वमाझ नेपाललाई चिनाउने र पृथक तुल्याउने माध्यम नै हाम्रो कला, संस्कार, संस्कृति हो। त्यसैका माध्यमबाट म देशगान गाउन कम्मर कसेर लाग्छु। देशको गान गाउन छोड्दाका दिन मेरो भौतिक शरीरले पनि छोडेर जानेछ भन्ने समसामयिक यथार्थवादी चिन्तन प्रस्तुत मुक्तकमा अभिव्यक्त छ।

मानव जन्मेपछि उसको जीवन जन्मभूमिप्रति मात्र ऋणी हुँदैन। जननीप्रति पनि उत्तिकै ऋणी हुन्छ। यसैले जननी र जन्मभूमिको ऋण तिर्न सत् कर्म गरेर अगाडि बढ्नुपर्छ भन्ने साक्ष्यका लागि यो मुक्तकलाई लिन सकिन्छः

फाटेको यो मुटुलाई सिउन सिकाऊ आमा
हाँसी-हाँसी आँसुको घुटको पिउन सिकाऊ आमा
पलपल मारिरहन्छ यो स्वार्थी दुनियाँले
फेरि एकपल्ट मलाई जिउन सिकाऊ आमा (लक्ष्मी पौडेल अर्पणा, आभार-२०७५, पृ.१०१)

'कुटे पनि आमै जाती, पोले पनि घामै जाती' समाजमा लोकप्रिय उखान टुक्कालाई यो मुक्तकले सार्थक बनाएको छ। किनकि समाजमा इमान र स्वाभिमान हराउँदै जाओस् तर माताहरू कहिल्यै कुमाता बन्न सक्दैनन् । जति बाधा र व्यवधान भए पनि आमाले सन्तानलाई सत्मार्गमै डोऱ्याउँछन त्यसैले बाँच्न गाह्रो भए पनि आमाको पुकार गर्दा फाटेको मुटु सिए जस्तै हुने र आमाको स्नेहभावले मरेर पनि जिउन सिकाउँछ भन्ने भाव मुक्तकमा अभिव्यक्त भएको छ । स्याङ्जाली मुक्तककारले राष्ट्रप्रेमका मुक्तक मात्र लेखेका छैनन् । शृङ्गार प्रेमको साक्ष्यका लागि यो मुक्तकलाई उद्धृत गर्न सकिन्छः

तिम्ले चियो गर्दा मलाई केही भएको थियो
तिम्ले मुस्कान छर्दा मलाई केही भएको थियो
तिमीले केही मेसो पायौ कि पाइनौ
तिमी नजिक पर्दा मलाई केही भएको थियो (मोतीबहादुर भुजेल, मुक्तकयात्रा-२०६९, पृ.८१)

प्रस्तुत मुक्तकमा प्रेमीकाले चियो गर्दा, मुस्कान छर्दा र नजिक पर्दा उत्पन्न भएको शृङ्गारिक रसलाई अभिव्यक्त गरिएको छ । प्रेममा परेपछि प्रेमीप्रेमिकाका लागि शरीर नै पुल बन्न तयार हुने साक्ष्यका लागि यो मुक्तकलाई उद्धृत गर्न सकिन्छः

तिमी मेरो छातिको बाटो भएर कैयौँ पहाड चढ्न सक्छ्यौ
तिमी मेरो शरीरलाई पुल बनाएर कैयौँ नदी तर्न सक्छ्यौ
अब मेरो मायामा तिम्रो लागि कुनै सम्झौता हुने छैन
तिमी मेरो मुटुभित्र एकोहोरो मायाको राज गर्न सक्छ्यौ (बादल घिमिरे (सम्पा.), समकालीन नेपाली मुक्तक-२०६९, पृ. १८३)

प्रेम यस्तो चिज हो, जब व्यक्ति मायाप्रेममा पर्छ त्यो बेला पहाड चढ्नका लागि छाति पनि ढाल बन्न तयार हुन्छ । पुल बन्न तयार हुन्छ किनकि मायामा सम्झौता हुँदैन । यो मनले त्यो मनसँग साइनो जोडेपछि मुटुभित्रै राज गर्न कुनै बार बन्देज हुँदैन भन्ने अभिव्यक्ति मुक्तकमा पाइन्छ ।

## विकृति विसङ्गतिको चित्रण

राज्यका हरेक क्षेत्रमा व्याप्त विकृति-विसङ्गति छ । त्यसको अन्त्य होस् भन्ने अपेक्षाका साथ स्याङ्जाली मुक्तकले आवाज उठाएका छन् । जसको साक्ष्यका लागि निम्न मुक्तकलाई उद्धृत गर्न सकिन्छः

रक्सी पिएको होइन साथी यो त मन चिसाउने जुस पो भयो
तलब लिएको होइन साथी त्यो त परिवार बचाउने घुस पो भयो
काला र क्रुर व्यवहारका यस्तै साङ्ला तोड्न
परिवर्तनको शपथ खाएको प्रजातन्त्र समयको गतिसँगै फासफुस पो भयो (सुकुम शर्मा, समयका छर्राहरू-२०५७, पृ.३०)

परिस्थिति र बाध्यताले मान्छे विभिन्न प्रकारका नसा पिउन बाध्य हुन्छ । तर त्यो रक्सी नभएर बाध्यता र परि स्थितिले निम्त्याएको घाउ चिसो पार्न पिइएको जुस हो । महिनाभर पसिना बेचेर आर्जन गरेको दुईचार पैसालाई के तलब भन्नु ? आफ्नो श्रम अनुसारको मूल्य पाए पो तलब, त्यो त परिवार बचाउने घुस हो । यस्तै-यस्तै बाध्यता र विवशता अन्त्यका लागि क्रुर व्यवहारका साङ्ला तोड्न परिवर्तनको शपथ खाए पनि फासफुस भयो

भनेर मुक्तकमा समसामयिक परिवेशको आक्रोश अभिव्यक्त भएको छ । राज्यका हरेक क्षेत्रमा विकृति विसङ्गति बढ्दो छ । हुँदाहुँदै जंगबहादुर प्रवृत्ति आज देखा पर्न थालेको साक्ष्यका लागि यो मुक्तक हेर्न सकिन्छः

शिकार खेल्दा-खेल्दै शिकारी महासूर हुँदैछ
लास-लासको पहाडले सगरमाथा छुँदैछ
विभिन्न अवसरमा विभिन्न काण्ड मच्चाउँदै
होस् राख दुनियाँ फेरि जंगबहादुर जन्मदै छ (कपिल अज्ञात, अनुभूतिका उमङ्ग-२०६४, पृ.७)

मुक्तकमा वर्तमानलाई एउटा शिकारीको बिम्बसँग तुलना गरिएको छ । देशको बागडोर समालेर बसेकाहरूले यो व्यवस्थाको सदुपयोगको सट्टा दुरूपयोग गर्दा गर्दै महासूर भएर बेतिथिले सगरमाथा छुन थालेको भाव अभिव्यक्त छ । उनीहरूमा समयमै चेतना आउनु पर्नेमा उल्टो काण्डै-काण्ड मच्चाउँदै जाने हो भने देशलाई समृद्धिको बाटोमा कसरी डोऱ्याउन सकिन्छ ? भन्दै मुक्तकले आम नेपालीलाई सुख, शान्ति, सन्तोष र अमनचयन दिन्छौं भन्नेहरूलाई खबरदारी गरेको छ । यदि तिमीहरूका गलत क्रियाकलाप र गतिविधिको अन्त्य समयमै नहुने हो भने जंगबहादुर जन्मदै छ भनेर मुक्तकमा माध्यमबाट चेतावनी दिइएको छ । जहाँ वर्तमान सामयिकतालाई बिम्बका माध्यमबाट अभिव्यक्त गरिएको छ ।

यसरी समाजमा सामाजिक, आर्थिक, राजनीतिक, प्राविधिक, भौगोलिक हरेक क्षेत्रमा अगुवा गर्नेहरू नै भक्षक, विनाशक र अराजक बनेका विकृतिको चित्रण नै समकालीन स्याङ्जाली मुक्तकका प्रवृत्ति हुन् । राज्यमा नीतिनियम, सिद्धान्त, आचरण र विचारको पालना नहुँदा समाजमा अत्याचार, अतिक्रमण, शोषण, उत्पीडन र वैमनस्य बढ्दै गइरहेको अभिव्यक्ति छ । मुक्तकमा अन्याय, अत्याचार सहेर बाँच्नु परेका वर्गमाथिको दमनकारी प्रवृत्तिप्रतिको आलोचना छ त कतै अर्थहिन र निस्सार जीवनको चित्रण पनि ।

## सामाजिक यथार्थताको चित्रण

सामाजिक यथार्थलाई अधिकांश मुक्तककारले लेखनको विषय बनाएका छन् । जसको साक्ष्यका लागि निम्न मुक्तकलाई लिन सकिन्छः

विवशतामा जिए पनि जीवनले आयु पिउँदै जान्छ
प्रेममा घात पिए पनि सभ्यताले सृष्टि पिउँदै जान्छ
ज्ञानका चक्षुमा संसारलाई जत्ति खारे पनि
बत्तीको तल झैं अँध्यारो भने धर्तीभरि जिउँदै जान्छ (सुकुम शर्मा, अमिला अणु-२०४८, पृ.२९)

समय र परिस्थितिले मानिसलाई विवशतामा बाँच्न पारे तापनि त्यसलाई आत्मसात गरेर अगाडि बढ्नुपर्छ । कुनै दिन मायाप्रेममा घात हुन सक्छ । ज्ञानका आँखाले संसारलाई सत्य बताउन चाहँदा-चाहँदै सत्य बत्तीको तल सधैं अँध्यारो भए जस्तै हुन पनि सक्छ । यसैले मान्छे आफू बाँचेको समय जस्तो छ त्यसलाई समयको खेल सम्झेर अगाडि बढ्नुपर्छ भन्दै समकालीन यथार्थलाई अभिव्यक्त गरिएको छ । स्याङ्जाली मुक्तककारका धेरै मुक्तकमा विसङ्गत जीवनको यथार्थ चित्रण गर्दै पूँजीवादी र सामन्तवादी व्यवस्थाले निम्त्याएको समसामयिक द्वन्द्वलाई अभिव्यक्त गरिएको छ । जसको साक्ष्यका लागि यो मुक्तकलाई लिन सकिन्छः

ज्यानको भन्दा पुच्छरकै चुरीफुरी छ सदैव
आँखा छोपेर हिँड्नुपर्ने मजबुरी छ सदैव
अग्रगामी छलाङ माऱ्यो होला देशले तर

शासक र शासितबीच निकै दुरी छ सदैव (श्यामप्रसाद न्यौपाने, आगोका फिलिङ्गाहरू- २०७५, पृ.३६)

नेपालका अधिकांश राजनीतिक, सामाजिक घटना-परिघटनामा मानव मूल्यको उपेक्षा हुँदै आएको अभिव्यक्ति छ । जसको परिणाम राज्यमा ज्यानको भन्दा पुच्छरले धेरै चुरीफुरी देखाउन थालेको धारणा पाइन्छ । हाकिम भन्दा कार्यालय सहयोगीको शासन चर्को हुन थालेको, देशले अग्रगामी छलाङ मार्‍यो भने पनि आज मानवताको खोजी गर्नु परेको छ । शासक र शासितबीचको दुरी झन् डर लाग्दो गरेर बढेको छ । जुन सुशासनका लागि बाधक हुन्छ भन्ने भाव मुक्तकमा अभिव्यक्त छ । समाजमा अझै मानव मूल्य उपेक्षित छ त्यसको खोजी वर्तमानको आवश्यकता हो । त्यसैले सामाजिक जीवनका साथै मानवीय जीवनका कुण्ठा, निराशा, निस्सारता, निरर्थकता र व्यर्थताको अभिव्यक्ति मात्र समकालीन स्याङ्जाली मुक्तकका प्रवृत्ति होइनन् । स्याङ्जालीका मुक्तकमा समृद्धि र सुशासनका चाहना पनि छन् । जसको साक्ष्यका लागि यी मुक्तकलाई लिन सकिन्छः

असल काम गर्दा मात्र पसिना झरे हुन्थ्यो
समाजलाई डोर्‍याउन पाइला बढे हुन्थ्यो
बारम्बार पाइँदैन मानिसको चोला
यी हातले सधैँ राम्रो काम गरे हुन्थ्यो (लेखनाथ काफ्ले, अचार-२०६४, पृ.८९)

मानव चोला बारम्बार पाइँदैन । एकबार पाएको चोलामा राम्रो कर्म गरेर मर्न पाए हुने अपेक्षा माथिको मुक्तकमा राखिएको छ । समाजलाई सत्मार्गमा डोर्‍याउन सत्कर्ममा लाग्नुपर्छ भनेर हाम्रो वैदिक सनातन संस्कार संस्कृतिले भन्छन् भन्दै त्यसैको प्रभावपरक प्रस्तुतीका रूपमा केही मुक्तक लेखिएका छन् ।

स्याङ्जाली समकालीन मुक्तकका प्रवृत्तिको अध्ययन गर्दा तत्कालीन सरकार र माओवादी द्वन्द्व, देश दुख्नुको पीडा, विदेशी चलखेल, नेता तथा सामन्तको स्वार्थीपन, नेपाली संस्कृतिमा आएको विचलन जस्ता प्रवृत्ति समेटिएको पाइन्छ । मुक्तकमा सामाजिक तथा राजनीतिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य गर्दै वर्तमान यथार्थताको चित्रण गरिएकाले स्याङ्जाली मुक्तकले वर्तमान मात्र होइन, शान्ति, सुरक्षा, अमनचयन, आर्थिक समानतालगायतका युगीन यथार्थतालाई बोकेका छन् । मुक्तकमा बौद्धिक, तार्किक र वैचारिक स्वार्थको भण्डाफोरका साथै बेरोजगार, ढिलासुस्ती, प्रलोभन र विपन्नताको पर्दाफास पाइन्छ । राष्ट्रियता, स्वाभिमान, स्वदेश प्रेम, नैतिक गुणप्रति सदा सजग हुन खबरदारी गरिएको छ । समाजमा देखिएका र भोग्दै आएका विविध विकृति, विसङ्गति, अराजकता, अस्थिरता, दुःख, पीडाका साथै पितृसत्तात्मक वर्णव्यवस्थामा आधारित परम्परामा जकडिएको समाजको समकालीन अवस्थालाई कथ्य बनाएर मुक्तक लेखिएका छन् । मुक्तकमा कतै क्रान्तिकारी विद्रोहका नाममा भएको शसस्त्र द्वन्द्वजन्य परिवेशको चित्रण, कतै प्रेमको गहिराइको वस्तुस्थितिको चित्रण, कतै अभाव, अराजकताका पीडा र वेदनाका कारणले जटिलता थपिरहेको समाज त कतै मानवीय स्वार्थीपनको चित्रण, कतै प्रणयसुलभ भाव सञ्चित पाइन्छ भने कतै उदात्त मायाप्रेमका भाव फेला पर्दछन् । समयको कालक्रममा देशमा परिवर्तनका नाममा नवीन मूल्यमान्यताका साथै नवीन सौन्दर्य देखा परेका, शासक र शासितबीचको दुरी कम हुन नसकेका भाव समकालीन स्याङ्जाली मुक्तकमा अभिव्यक्त भएका छन् ।

समकालीन स्याङ्जाली मुक्तकका कथ्य विषयवस्तुले नेपाली समसामयिक जनजीवनमा आम मान्छेले भोगेका सामूहिक पीडालाई अभिव्यक्त गरेका छन् । विविध लय, शैली र प्रवृत्तिहरूको अनुशरण गरी मुक्तक लेखिएका छन् । कतै सरल, सहज र सुलभ शब्दावलीबाट संरचनागत सुगठन र कसिलो लय कायम गरिएको पाउन सकिन्छ । कतै व्यङ्ग्यात्मक शैली अपनाई विकृति, विसङ्गति र असङ्गत व्यावहारिक घटनाको चित्रण गर्दै समसामयिक विसङ्गतिमाथिको प्रहार, यसैले समसामयिक स्याङ्जाली मुक्तकमा भाषिक प्रयोगमा सरलता,

स्वाभाविकता र सरसताको वरणका साथै बिम्बात्मक चेतनको अभिव्यक्ति पाइन्छ । विश्व मानवतावादी दृष्टिकोण, राष्ट्रियता, स्वतन्त्रता, पश्चगमन र अग्रगमनको उपेक्षा, उत्तरआधुनिक प्रवृत्तिको प्रभाव यस धाराका मुक्तकमा देखिने प्रमुख विशेषता हुन् । जसलाई आम जनमानसका जनजिब्रोमा भिजेका झर्रा, सरल र सहज शब्दका साथै प्रकृति चित्रणसहित विभिन्न बिम्ब र प्रतीकको प्रयोगले मुक्तकलाई आलङ्कारिक पनि बनाएका छन् । यी र यस्तै समकालीन सामाजिक चेतना, राजनीतिक चेतना, प्रणय चेतना, भावुकता जस्ता आवेग र संवेगबाट रचिएका मुक्तक प्रभावपूर्ण पाइन्छन् । मुक्तकमा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक धार्मिक क्षेत्रका विडम्बना, व्यक्ति विशेषका भ्रष्टाचार, दुराचार, मूल्यहीनताप्रतिको व्यङ्ग्य पाइन्छ । श्रम र सम्मान नाममा भएका शोषण, विवेक र पसिना बगाएर प्रतिफल नपाउँदाको अवस्था, स्वार्थी प्रवृत्तिका कारण भोग्नुपरेको दुःख मात्रै होइन विदेशी राष्ट्रका हेपाहा प्रवृत्तिलाई पनि मुक्तकले अभिव्यक्त गरेका छन् । समाजमा शिक्षित, ज्ञानी र समाजसेवी बन्छु भन्नेहरूमा जागेको विद्रुप मानसिकताले निम्त्याएको परिणामलाई मुक्तकले देखाएका छन् । मानिसमा हराएको मानवीयता, बोली र व्यवहारमा हुने फरकपना, दुई नम्बरीबाट रातारात करोडपति बन्ने सपनाले डुबाएको जीवन, चारैतिर लुटतन्त्र मौलाउँदा सोझासाझा र इमान्दार व्यक्तिले समाजमा भोग्नुपरेका समस्याको यथार्थ लेखन, मूर्त र युगीन आर्थिक एवम् प्रशासनिक अव्यवस्थाको समसामयिक चित्रण मुक्तकले गरेका छन् ।

## निष्कर्ष

थोरैमा धेरै भन्न सक्ने विशेषताकै कारण समकालीन मुक्तक लेखन लोकप्रिय हुँदै आएको छ । स्याङ्जाली मुक्तककारद्वारा लेखिएका समकालीन मुक्तकमा मानिसको खानपान, भेषभूषा, बोलीचाली, रहनसहनमा भित्रिएको आधुनिकताको चित्रण छ । मुक्तकमा ज्ञानविज्ञान, धर्म-संस्कृति, शान्ति र दर्शनदेखि लिएर श्रृङ्गार, राष्ट्रियता, लैङ्गिक विभेदलगायत राजनीति, साहित्य, मदिरा, संयोग-वियोगका समकालीन समसामयिकता अभिव्यक्त छन् । समानता, स्वतन्त्रता एवम् समाज परिवर्तनको आकाङ्क्षा राखेका आम नागरिक उत्साहका साथ अगाडि बढ्नुपर्छ भन्दै सामाजिक यथार्थ अभिव्यक्त भएको छ । सशस्त्र द्वन्द्वजन्य परिस्थितिको यथार्थ चित्रण, आर्थिक विसङ्गतिको प्रस्तुति, युगीन विसङ्गतिप्रति व्यङ्ग्य, मानवअधिकारप्रतिको चिन्ता, राष्ट्रिय-अन्तर्राष्ट्रिय घटनाक्रमले निम्त्याएका परि स्थिति, सांस्कृतिक तथा सामाजिक मूल्य मान्यताको आक्रमण, नारीवादी चिन्तन, आधुनिक प्रविधि र संस्कृतिको प्रभाव, सामूहिकताको अभिव्यक्ति कृति भित्रका मुक्तकमा आएका छन् । स्याङ्जाली मुक्तकमा नारी विरह, वेदना, समसामयिक परिवेशको चित्रण, गरीब, दुःखी, असहय्प्रति पीडाभावको अभिव्यक्ति पाइन्छ । जीवनदर्शन, व्यङ्ग्य, देशप्रेम, सामाजिक बेथिति र अराजकताप्रति चिन्तन पाइन्छ । मुक्तकले सभ्य र सुसंस्कृत जीवनयापनको उद्देश्यका साथ उपदेशात्मक रचनाका माध्यमबाट भावुक प्रेम, देशप्रेम र सभ्य समाजको कल्पना गरेका छन् । समसामयिक आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, समाजवादी, नारीवादी, जाति, धर्म, पेशा, लिङ्ग, वर्गका आधारमा हुने भेदभावजन्य गतिविधि निराकरणको अपेक्षा समकालीन स्याङ्जाली मुक्तकका मूलभूत प्रवृत्ति बनेर आएका छन् । सामाजिक यथार्थता, राजनीतिक विकृति-विसङ्गतिको चित्रण, विद्रोहात्मकता, व्याङ्ग्यात्मकता, धार्मिक तथा आध्यात्मिक चिन्तन, मौलिक संस्कार-संस्कृतिको चिन्तन, सूत्रात्मकता र चित्रात्मक प्रस्तुति समकालीन स्याङ्जाली मुक्तकका प्रवृत्ति हुन् । २०३६ सालपछिको समसामयिक परिवेशलाई आधार बनाएर राणाशासन, प्रजातन्त्र, गणतन्त्र हुँदै लोकतन्त्र नामको व्यवस्थामा पनि सत्ताधारीहरू आफ्नो स्वार्थपूर्तिका लागि व्यस्त हुँदाका परिणाम महङ्गीको मारसँगै हरेक क्षेत्रमा बढेका राजनैतिक हस्तक्षेप, सरकारी कामकाजमा देखा पर्ने लालच, दलाली, भ्रष्टाचारी र ठगी, शिक्षाका नाममा भएको व्यापारीकरण र चाकरीमा मिल्ने पगरीलगायतका कुकर्म वर्तमानका मूलभूत प्रवृत्ति

हुन् । यी नेपाली समाजमा देखिएका यथार्थताले समकालीन स्याङ्जाली मुक्तकको समसामयिकतालाई अभिव्यक्त गरेका छन् । यसैले यस चरणलाई यथार्थवादी धाराका रूपमा चित्रण गर्नु अनुसन्धानको प्राप्ति रहेको छ ।

## सन्दर्भसूची


अज्ञात, कपिल (२०६४), *अनुभूतिका उमङ्ग,* बनेपाः जनमत प्रकाशन ।

अर्पणा, लक्ष्मी (२०७५), *आभार,* काठमाडौंः मुक्तक मञ्च नेपाल ।

काफ्ले, नारायणप्रसाद (२०७३), *स्याङ्जा जिल्लाका मुक्तक कृतिको अध्ययन* (अप्रकाशित शोधपत्र), पोखराः पृथ्वीनारायण क्याम्पस ।

कार्की, चेतन (२०६८), *हत्केलाले सधैँभरि सूर्य छेकिँदैन,* स्याङ्जाः गङ्गा कार्की ।

काफ्ले, लेखनाथ (२०६४), *अचार,* पोखराः लेखनाथ काफ्ले ।

काफ्ले, लेखनाथ (२०६८), *मट्याङ्ग्रा,* स्याङ्जाः स्याङ्जाः साहित्य प्रतिष्ठान ।

गुरुङ, तेजबहादुर (२०७७), *अस्तित्व,* पोखराः गुरुङ साहित्यिक मञ्च ।

गौतम, असफल (२०६७), *सिलोक बन्दै छन्,* पोखराः सङ्घर्षमा कलम साहित्य समाज ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), *समकालीन नेपाली कविताका प्रवृत्ति,* काठमाडौंः पैरवी प्रकाशन ।

घिमिरे, बादल (२०६९), *समकालीन नेपाली मुक्तक,* काठमाडौंः डिकुरा पब्लिकेशन

ढकाल, महानन्द (२०७७), सिमाना, कोहलपुरः पूर्णिमा साहित्य प्रतिष्ठान ।

न्यौपाने, श्यामप्रसाद (२०६२), *सोह्र दुनी आठ,* नवलपरासीः नवलपरासी साहित्य परिषद् ।

न्यौपाने, श्यामप्रसाद (२०६६), *कोही सुरक्षित छैन,* नवलपरासीः प्रेमा वाङ्मय प्रतिष्ठान ।

न्यौपाने, श्यामप्रसाद (२०७५), *आगोका फिलिङ्गाहरू,* नवलपरासीः लुम्बिनी वाङ्मय प्रतिष्ठान ।

पराजुली, मुरारी (२०६७), *मुक्तक मिमांसा,* काठमाडौंः विवेक सिर्जनशील प्रकाशन ।

परिवर्तन र अन्य (२०६९), *मुक्तक यात्रा,* पोखराः मुक्तक मञ्च ।

भण्डारी, मुक्तिप्रसाद (२०७०), *समकालीन स्याङ्जाली मुक्तक,* स्याङ्जाः गजल सङ्गम पकवादी ।

मगर, रूद्र सन्देश (२०६७), *सम्झना,* स्याङ्जाः मगर भाषा साहित्य प्रतिष्ठान ।

मरासिनी, नारायण (२०५१), *समयका धब्बाहरू.* पोखराः साहित्य शृङ्खला ।

वनवासी, देवीप्रसाद (२०६९), *कालस्तोत्र,* स्याङ्जाः अश्रुगंगा प्रकाशन ।

शर्मा, सुकुम (२०४८), *अमिला अणु* (ते.सं.), पोखराः प्रयोग समूह ।

शर्मा, सुकुम (२०५७), *समयका छर्राहरू,* पोखराः प्रयोग समूह ।